आज मिति २०८१/०३/०६ गते बिहिवारका दिन यस जिरी नगरकार्यपालिकाको १०३ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | — |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | — |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

अन्य उपस्थिति

मान बहादुर जिरेल - सामाजिक विकास प्रमुख

रुद्र प्रसाद दहाल - आर्थिक प्रशासन प्रमुख

विमल कुमार डहाल - योजना शाखा

## १०३ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १०२ औं वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे वैठकमा जानकारी गराई समीक्षा गरियो ।

**निर्णय नं. २** जिरी नगरपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम नगरसभामा पेश गर्न स्वीकृती गर्ने ।

**निर्णय नं. ३** आ.व.२०८१/०८२ को वजेट तथा कार्यक्रम नगरसभामा पेश गर्ने गरी स्वीकृत गर्ने ।

**निर्णय नं. ४** गैर सरकारी संस्थाबाट आ.व.०८१/०८२ मा संचालन गर्ने गरी पशे भएको कार्यक्रम तथा वजेट नगरसभा समक्ष पेश गर्न स्वीकृती गर्ने ।

**निर्णय नं. ५** जिरी नगरपालिकाको आवधिक योजना नगरसभा समक्ष पेश गर्न स्वीकृती गर्ने ।

**निर्णय नं. ६** आर्थिक विधेयक २०८१ स्वीकृतिको लागि नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ७** रोजगार रणनीति नगरसभा समक्ष स्वीकृतीको लागि पेश गर्ने ।

**निर्णय नं. ८** न्यायिक समितिको प्रतिवेदन स्वीकृतीको लागि नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ९** लेखा समितिको प्रतिवेदन नगरसभा समक्ष स्वीकृतीको लागि पेश गर्ने ।

**निर्णय नं. १०** योजना फरफारक विवरण नगरसभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ११** जिरी नगरपालिका वडा नं. ४ निवासी देण्डी शेर्पाको वैदेशिक रोगारको सिलसिलामा दुबईमा मृत्यु भएको हुँदा अन्य आर्थिक साहयता शीर्षकबाट रु. १००००।-(दश हजार) आर्थिक साहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२** नगरसभाबाट स्वीकृतीको लागि देहायका विविध प्रस्ताव सभा समक्ष पेश गर्ने ।

क. गैर सरकारी संस्थाहरुको आ.व. ०८१/८२ को बजेट तथा कार्यक्रम समावेश गर्ने सम्बन्धमा।
ख. आवधिक योजना स्वीकृती सम्बन्धमा।
ग. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।
घ. रोजगार रणनीति स्वीकृति सम्बन्धमा।
ङ. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
च. चालु आ.व. को योजना तथा कार्यक्रम फरफारक सम्बन्धमा।
छ. करारमा कार्यरत कर्मचारीहरुको करारको म्याद थप सम्बन्धमा।
ज. खानीजन्य र नदिजन्य निर्माण सामाग्रीको प्रदेश कानुन बमोजिम कर संकलन सम्बन्धमा।
झ. खिम्ती खोलाको नदीजन्य पदार्थको राजश्व प्राप्त गर्न कानूनी उपचार लगायतका कारबाही अघि बढाउने सम्बन्धमा।
ञ. पुरानो बक्यौंता भुक्तानी सम्बन्धमा।
ट. आयोजना बैंक स्वीकृति सम्बन्धमा।

ठ. भवन निर्माण मापदण्ड तयार गरी लागू गर्ने अधिकार कार्यपालिकालाई दिने सम्बन्धमा।
ड. कर्मचारी कल्याण कोष तथा सेवा सुविधा सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने अधिकार कार्यपालिकालाई दिने सम्बन्धमा।
ढ. जिरी नगरमा अर्गानिक कृषि उत्पादन तथा बजारीकरण गर्न काठमाडौं महानगरपालिकासँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा।
ण. नगरका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा नगरगान अनिवार्य गर्ने सम्बन्धमा।

**निर्णय नं. १३** जेष्ठ नागरिक उपचार सहायता अन्तर्गत अस्पतालबाट माग भएको नपुग रकम जिरी अस्पताल सुद्धिढीकरण (जनशक्ती व्यवस्थापन औजार उपकरण खरिद शीर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १४** जिरी नगरपालिका वडा नं. २ मा पर्ने तितेमाछा प्रति कुर रु.१०,०००।-(दश हजार) मा वढावढ गराई राजश्व संकलन गर्ने ।

**निर्णय नं. १५** जिरी नगरपालिका वडा नं.३ को खरायोवन बजिनी सडकमा पहिरो पन्छाउन प्राविधिक स्टमेट बमोजिमको रु.४७०००।-(सडचालीस हजार) कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** यस जिरी नगरपालिकामा पशुहरुमा फैलिएको लम्फिस्कीन रोग विरुद्धको खोप लगाउन खटाईएका देहायका प्रविधिकलाई निम्न बमोजिम अन्य सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने ।

१. निमावाङछु शेर्पा वडा नं. ३ र ४ का लागि रु. ३५ हजार

२. पासाङ शेर्पा वडा नं.४ का लागि रु. १० हजार

**निर्णय नं. १७** वडा नं.१ को एम्बुलेन्स चालकले चा.लु.आ.व.को प्रति टिप रु.१२००।-(एकहजार दुई सय करसमेत) का दरले अन्य भत्ता शीर्षकवाट भुक्तानी गर्ने ।

**निर्णय नं. १८** वागमती प्रदेश सरकार र जिरी साना किसान कृषि सहकारी संस्था र यस नगरपालिकाको समेत साझेदारीमा प्राङ्गारिक मल कारखाना स्थापना गर्न यस नगरपालिकाबाट तीस प्रतिशत साझेदारी गर्ने निर्णय गरियो ।